भूमे गाउँपालिकाको

# आन्तरिक ऋण उठाउने विधेयक, २०७९

भूमे गाउँपालिका

रुकुम (पूर्व)

*सभामा प्रस्तुत मितिः २०७९ असार १० गते मंगलबार*

*सभाबाट स्वीकृत मितिः २०७९ असार १९ गते आइतबार*

*<u>भूमे गाउँपालिकाको आन्तरिक ऋण उठाउने विधेयक २०७९</u>*

**भूमे गाउँपालिकाको आर्थिक बर्ष २०७९/०८० को निमित्त वित्तीय व्यवस्था सम्बन्धी प्रस्तावहरुलाई कार्यान्वयन गर्न भूमे गाउँपालिकाले आन्तरिक ऋण उठाउन वाञ्छनीय भएकाले आन्तरिक ऋण उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**

गाउँसभाबाट स्वीकृत मितिः २०७९।०३।१९

**<u>प्रस्तावना</u>:** भूमे गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को निमित्त वित्तीय व्यवस्था सम्बन्धी प्रस्तावहरुलाई कार्यान्वयन गर्न भूमे गाउँपालिकाले आन्तरिक ऋण उठाउन वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप–धारा बमोजिम (२)भूमे गाउँसभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "भूमे गाउँपालिकाको आन्तरिक ऋण उठाउने ऐन, २०७९" रहेको छ। (२) यो ऐन सम्बत २०७९ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

**२. <u>आन्तरिक ऋण उठाउने अधिकारः</u>** (१) आर्थिक वर्ष २०७९/०८० को निमित्त वित्तीय व्यवस्थापन सम्बन्धी प्रस्तावहरुलाई कार्यान्वयन गर्न भूमे गाउँपालिकाले आर्थिक वर्ष २०७९/०८० को अन्त्यसम्म रु. १,००,००,०००।– (एक करोड मात्र) मा नबढ्ने गरी आन्तरिक ऋण उठाउन सक्नेछ।

तर यसरी उठाइने आन्तरिक ऋण रकममा स्थानीय तहको पूर्वाधार निर्माणमा ऋण प्रवाह गर्ने प्रयोजनका साथ नेपाल सरकारले गठन गरेको विशिष्टिकृत संस्थाले गर्ने लगानीको हकमा यो सीमा लागू हुने छैन।

(२) आन्तरिक ऋण लिँदा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिश बमोजिम भूमे गाउँपालिकालाई संघीय सरकार र प्रदेश सञ्चित कोषबाट प्राप्त हुने राजस्व बाँडफाँड र गाउँपालिकाको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्वको योगफलको १० प्रतिशतमा नबढ्ने गरी आन्तरिक ऋण उठाउनु पर्नेछ।

(३) आन्तरिक ऋणको परिचालन पूँजी निर्माण र दीर्घकालीन लाभ दिने प्रकृतिका उत्पादनशील, रोजगारमूलक तथा आन्तरिक आय बढाउने क्षेत्रमा गर्नुपर्नेछ।

(४) ऋण लगानी गरी सञ्चालन हुने परियोजनाबाट प्राप्त हुने लाभ वा आम्दानीबाट सो परियोजनामा लगानी गरिएको ऋणको साँवा र ब्याज भुक्तानी गर्ने सुनिश्चित भएका परियोजनामा मात्र ऋण परिचालन गर्नुपर्नेछ।

(५) यस दफा बमोजिम उठाइएको ऋण नेपालको संविधान, संघीय कानून र अन्य प्रचलित व्यवस्था बमोजिम हुनेछ।